# बुद्धभूमी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बुड्ढी, कपिलबस्तु
५ नं. प्रदेश, नेपाल

पत्र संख्या.:०७५।७६

चलानी नं ·

मिति:२०७५।०९।०५

### CCTV Camera खरिद तथा जडान सम्बन्धी दरभाउपत्र आव्हानको सूचना

*(प्रथमपटक प्रकाशित मिति: २०७५।०९।०५)*

यस बुद्धभूमी नगर कार्यपालिकाको कार्यालय र अर्घाखाँची चोकमा गरी २ स्थानमा CCTV Camera खरिद तथा जडान कार्यको लागि आ.ब ०७५।०७६ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार CCTV सिलबन्दी दरभाउ पत्रको माध्याबाट खरिद तथा जडान गर्नु पर्ने भएको हुँदा इजाजत प्राप्त फर्महरुबाट निम्न शर्तहरुको अधिनमा रहने गरी तपशिलमा उल्लेखित कार्यहरुको लागि शिलबन्दी दरभाउ पत्र आव्हान गरिन्छ।

**शर्तहरु**

१. दरभाउ फारम यो सूचना प्रकाशित भएको मितिले १५ (२०७५।०९।१९) गते भित्र रु.१००० अक्षरुपी रु. एकहजार मात्र (फिर्ता नहुने गरी) इच्छुक दरभाउपत्रवालाले लिखित निवेदनको साथमा दरभाउपत्रदाताको फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कार्यालयमा दर्ता गरिएको प्रमाणपत्र, तथा कर चुक्ता प्रमाण पत्र प्रतिलिपिहरु र यस कार्यालयको नाउंमा एन.एम.बी.बैंक शाखा कार्यालय गोरुसिंगेमा रहेको संचित कोष खाता नं.०४४००६००५५९९७६००००१ मा रु.१०००।- दाखिला गरेको सक्कल भौचर सहित यस कार्यालयमा पेश गरी दरभाउपत्र फाराम पुस्तिका खरिद गर्न सकिने छ।

२. दरभाउपत्र पेश गर्दा माथि उल्लेखित प्रमाणपत्रहरुका प्रमाणित प्रतिलिपिहरु संलग्न गरी कार्यालयबाट बिक्रि भएको दरभाउपत्र फाराममा दर रेट महलको अंक र अक्षर दुवै स्पष्ट उल्लेख गरि रु.१४९००- (चौध हजार नौ सय) धरौटी वापतको रकम यस कार्यालयको नाउमा रहेको एन.एम.वी.बैंक शाखा कार्यालय गोरुसिंगेको धरौटी हि.नं. ०४४००६००५५९९७६००००४ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरेको नियमानुसारको म्याद भएको बैंक ग्यारेन्टी (बिड बण्ड) साथै उल्लेखित सम्पूर्ण कागजातहरु संलग्न गरि सूचना प्रकाशित भएको मितिले १६ दिनको १२ बजे वा विदा परेमा सो को भोलिपल्ट यस कार्यालयमा पेश गरिसक्नु पर्ने छ

३. दर्ता हुन आएका दरभाउपत्रहरु दर्ता हुने अन्तिम दिनको १:०० बजे अधिकारीक व्यक्तिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ। आधिकारीक व्यक्तिहरु उपस्थित नभए पनि खोल्न बाधा पर्ने छैन।

४. कानून बमोजिम उक्त कागजात दरभाउपत्र साथ पेश नभएमा उक्त दरभाउपत्र मूल्याङ्कनको लागि समाबेस गरिने छैन् र उक्त दरभाउपत्र (Non Responsive) हुन जाने छ।

५. म्याद भित्र दर्ता हुन नआएको तथा अन्य कुनै रित नपुगेको दरभाउपत्र उपर कुनै किसिमको कारवाही हुने छैन।

६. पेश भएको दरभाउपत्रहरु स्विकृत गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने अधिकार यस कार्यालयमा निहित हुनेछ।

७. यस सूचनामा नपरेको अन्य कुराहरु प्रचलित सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक नियमावली २०६४ अनुसार हुनेछ।

८. पेश भई स्वीकृत हुने फर्मलाई अन्य अन्य शर्तहरु राखी सम्झौता गरिनेछ।

९. अन्य कुनै किसिमको जानकारी चाहिएमा कार्यालय समयभित्र सम्पर्क गर्ने वा टेलिफोन नं. ९८५७०८८१११ र ९८६००६६१८१ मा सम्पर्क गरि बुझ्न सकिने छ।

प्रमुख प्रशासकिय अधिकृत

Scanned by CamScanner